मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

सूचना

१. भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं।
२. घुस लिने र दिने दुबै उत्तिकै दोषी हुन्।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : १२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ मंसीर १४ गते आइतवार (Sunday, November 29. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



**सुत्नलाई बाक्लो ओच्छ्यान होइन, निद्रा चाहिन्छ :** झापाको बिर्तामोडस्थित पश्चिम बस बिसौनी स्थलमा मस्त निद्रामा रहेका एक सडक मानव। हुन त चाहेर पनि यिनले राम्रो, बाक्लो ओच्छ्यानमा सुत्न पाउँदैनन् तर यो सुताइ हेर्दा निदाउनको लागि बाक्लो ओच्छ्यान होइन निद्रा नै हुनुपर्ने रहेछ भन्ने प्रष्ट हुन्छ। **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

## सडकमा व्यवसायी, पूर्वी नाका खोल्न माग

**काँकरभिट्टा, मंसीर १३।** झापाको मेचीनगरका विभिन्न व्यवसायीहरुले पूर्वीनाकालाई सहज बनाउनुपर्ने तथा मेचीनगर-६स्थित काँकरभिट्टामा रहेको होल्डिङ्ग सेन्टर तत्काल हटाउनुपर्ने माग गर्दै शनिबार काँकरभिट्टामा प्रदर्शन गरेका छन्।

होटल व्यवसायी संघ मेचीनगर र ट्राभल संघ झापाले संयुक्त रुपमा आयोजना बुधबारदेखि नगरमा विरोध प्रदर्शन भइरहेको छ। काँकरभिट्टा बसपार्कबाट शुरु भएको र्‍यालीमा विचौलियाहरु होशियार, व्यवसायी बन्दीमा-जनता मरे आर्थिक मन्दीमा, यात्रुहरुमा एकीकृत प्रणाली लागू गर, यात्रु

(बाँकी अन्तिम पृष्ठमा)



## मोरङ र भोजपुरमा गाई मार्ने तीन जना पक्राउ

**मोरङ, मंसीर १३।** मोरङको सुनवर्षी नगरपालिका-२ सुघाटोल बस्ने ३० वर्षीय भूपेन्द्र राईलाई गाई मारेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ।

घरायसी बिषयमा सामान्य बिबाद हुँदा भूपेन्द्रले उनकै भाइ ३० वर्षीय गजेन्द्र राईको गाईलाई हथौडाले हान्दा गाईको मृत्यु भएको थियो। घटनाको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उता भोजपुर रामप्रसाद राई गाउँपालिका-४ दलगाउँ बस्ने ५५ वर्षीय गन्धे दमाई र सोही ठाउँ बस्ने भारत सिक्किम टाउन-३ घर भएका २८ वर्षीय फक्रोज मुस्लिम मियालाई गाई मारेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ।

उनीहरुले गत कात्तिक २६ गते काटेको गाईको मासु बिन्द्रे भन्ने मनाहाङ दमाईले बिक्री गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय भोजपुरबाट खटिएको प्रहरीले उनीहरुलाई शुक्रबार पक्राउ गरेको हो। हाल फरार मनाहाङ दमाईको प्रहरीले खोजी गरिरहेको छ।

## बिर्तामोडमा ५० करोडमा नयाँ होटल




**झापा, मंसीर १३।** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले राष्ट्रिय एकता बचाउन नेकपाको एकता आवश्यक रहेको बताएका छन्।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) तलमाथि भए संविधान च्यात्नेहरुको मनोवल बढेर जाने उनको भनाइ छ। हिजो मधेश र पहाडको बीचमा आन्दोलन गर्ने र पूर्व र पश्चिमको बीचमा समेत आगो बाल्ने काम भएकाले नेकपा जुटेर जानुपर्ने मन्त्री भट्टराईले बताए।

शनिवार झापाको बिर्तामोडमा सिद्धार्थ होटल ग्राण्ड सीटी प्रालिको उद्घाटन गर्दै मन्त्री भट्टराईले नेकपाको सचिवालय बैठकले विवाद मिलाउन नसकेको खण्डमा सचिवालयमा रहेका पदाधिकारीहरुले कडा कदम चाल्ने चेतावनी समेत दिए। अतिवादी सोच भएकाहरुलाई नेकपाले अघि आउन नदिने मन्त्री भट्टराईको भनाइ छ। नेकपाको एकता प्रधानमन्त्री केपी शर्मा ओलीलाई बचाई राख्न र प्रचण्डलाई अध्यक्ष बनाई राख्न नभएको मन्त्री भट्टराईको धारणा थियो।

यसैबीच मन्त्री भट्टराईले ५० करोड रुपैयाँको लागतमा तयार गरिएको होटलको उद्घाटन गरेका छन्। उनले सिद्धार्थ हस्पिटालिटीले होटल ग्राण्ड सीटीसँग व्यवसायिक साझेदारी गर्दै सञ्चालनमा ल्याएको होटलको उद्घाटन गरेका हुन्। होटल थ्री स्टारको स्तरमा रहने र ५१ वटा सुविधासम्पन्न कोठाहरु, स्वीमिङ पुल, हेल्थ क्लव, खुल्ला बगैंचा, सेमीनार हल रुफटप सहित छुट्टाछुट्टै ५ वटा रेष्टुरेन्ट रहने बताइएको छ।

बिर्तामोड-४मा स्थापना गरिएको होटलले पूर्वको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने होटलका अध्यक्ष देबीप्रसाद मैनालीले दावी गरे। होटल उद्घाटन समारोहमा संघीय सांसद गणेश पहाडी, प्रदेश सांसद एकराज कार्की, उद्योग परिसंघका मीनप्रकाश मैनाली, बिर्तामोड-४का वडाध्यक्ष कुलप्रसाद संग्रौला, बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष प्रकाश शिवाकोटी लगायतले पूर्वको पर्यटन प्रर्वद्धनमा होटलको भूमिका महत्वपूर्ण हुने धारणा राखेका थिए।

होटलमा १० जनाको लगानी रहेको बताइएको छ। होटल सञ्चालनका लागि देवीप्रसाद मैनाली, गोपालप्रसाद मैनाली, डा. लक्ष्मीप्रसाद मैनाली, डिल्लीराम मैनाली, होम पाण्डे, चित्र कुइँकेल, कालीदास देवकोटा, होमप्रसाद मैनाली, सुमन्ता मैनालीको लगानी रहेको बताइएको छ। होटल सञ्चालनको जिम्मा भने सिद्धार्थ विजनेश ग्रुप अफ हस्पिटालिटीले लिएको कार्यकारी अधिकृत कृष्ण न्यौपानेले जानकारी दिए। नेपालको पश्चिम तथा मध्यपश्चिम क्षेत्रका पर्यटकलाई पूर्वी नेपालको भ्रमण गराई यस क्षेत्रको पर्यटकीय सुन्दरताको प्रचार देशभर गराउने योजना होटलको रहेको बताइएको छ।

## प्रदेश प्रमुख प्यासी दम्पत्तिलाई कोरोना




**झापा, मंसीर १३।** प्रदेश नं. १का प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी'लाई कोरोना संक्रमण पुष्टि भएको छ।

प्रदेश जनस्वास्थ्य प्रयोगशाला विराटनगरमा शुक्रबार बिहान स्वाव दिएका प्यासीलाई कोरोना संक्रमण पुष्टि भएको हो। रिपोर्टमा अधिकारीलाई संक्रमण देखिएको स्वकीय सचिव प्रतीक ढकालले जानकारी दिएका हुन्। प्यासीको स्वास्थ्य अवस्था सामान्य रहेकाले होम आइसोलेसनमा बसेका छन्।

कोरोनाको सामान्य लक्षण देखिएपछि उनको परीक्षण गरिएको थियो। ७२ वर्षीय प्यासीसहित उनकी ६४ वर्षीया श्रीमती जानुका र एक सुरक्षाकर्मीमा पनि संक्रमण देखिएको सचिवालयले जनाएको छ। यसअघि प्रदेश सरकारका २ मन्त्रीलाई कोरोना संक्रमण भएको थियो।

## वेपत्ता पवन पाँच दिनपछि फेला



**बिर्तामोड, मंसीर १३।** झापाको बिर्तामोडबाट बेपत्ता बनेका पर्वत पौडेल सुनसरीमा फेला परेका छन्।

बेपत्ता बनेको पाँच दिन पछि उनी धरान र सुनसरीको बीचमा पर्ने सेउती खोलाको पुलको एक किलोमिटर दक्षिण सकुशल फेला परेको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले जानकारी दिए।

बिर्तामोडस्थित माता पाथीभरा बचत

(बाँकी अन्तिम पृष्ठमा)

## स्थानीय तहको निर्णयमा क्रमशः विद्यालय खुल्दै

**झापा, मंसीर १३।** सरकारले कोरोना महामारीको जोखिम मूल्याङ्कन गरी विद्यालय पुनःसञ्चालनका आधार तय गरेपछि विभिन्न स्थानीय तहमा शैक्षिक गतिविधि हुन थालेका छन्।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत महिना जारी गरेको 'विद्यालय सञ्चालन कार्यढाँचा २०७७' बमोजिम स्थानीय तहले सरोकार भएका पक्षसँगको परामर्शमा वैकल्पिक सिकाइको निरन्तरताका साथै प्रत्यक्ष पढाइ शुरु गरेका हुन्। शिक्षा पत्रकार समाज र ज्ञान अनुसन्धान तथा सिकाइ स्रोतकेन्द्रले भर्चुअल रुपमा आयोजना गरेको 'विद्यालय पुनः सञ्चालनमा स्थानीय तह' विषयक छलफलमा जनप्रतिनिधिले कार्यढाँचा आएपछि विद्यालय सञ्चालनको योजना बनाउन सहज भएको जनाएका छन्।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घका अध्यक्ष कृष्ण थापाले विद्यालय सञ्चालनका क्रममा अभिभावक पहिलो उपभोक्त भएकाले उनीहरुसँग परामर्श लिइ सहयोग लिने वातावरणका लागि केन्द्र, प्रदेश र स्थानीय तहले योजना बनाउनुपर्ने बताए। उनले विद्यालय खोल्नपूर्व अनिवार्यरुपमा निर्मलीकरण गर्न र विद्यालयमा क्वारेन्टिन वा अस्पताल नराख्न आग्रह गरे।

यता नेपाल सरकार शिक्षा, विज्ञान प्रविधि मन्त्रालयले कोभिड १९ को सन्दर्भमा तयार गरेको विद्यालय सञ्चालन सम्बन्धि कार्यढाँचा २०७७ ले तोकेको मापदण्ड पूरा गरी मेचीनगरभित्रका निजी, सामुदायिक तथा धार्मिक विद्यालय सञ्चालन गर्न नगरका सवैपक्ष सहमत भएका छन्।

निमित्त नगरप्रमुख मीना पोखरेल उप्रेतीको सभापतित्वमा शनिबार बसेको सर्वपक्षीय छलफलमा सहभागीहरु कात्तिक २० मा मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएको विद्यालय सञ्चालन सम्बन्धि कार्यढाँचा २०७७ले तोकेको मापदण्ड पुरा गरी मेचीनगरभित्रका सबै शैक्षिक संस्था सञ्चालन गर्न सहमत भएका हुन्।

१ नम्बर प्रदेशसभा सदस्यहरु गोपालचन्द्र बुढाथोकी, श्रीप्रसाद मैनाली र राधा थापा सहभागी छलफलमा निमित्त नगर प्रमुख उप्रेतीले छलफलका विषयहरुको बारेमा सहभागीहरुलाई जानकारी गराएकी थिइन्। नगरको शिक्षा शाखा प्रमुख वा नगर शिक्षा अधिकारी होमनाथ भण्डारीले मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएको विद्यालय सञ्चालन सम्बन्धि कार्यढाँचा २०७७का बारेमा जानकारी गराएका थिए।

शिक्षक, अभिभावक, विद्यालय, समुदाय, बाल तथा युवा क्लब, जनप्रतिनिधि, स्वास्थ्यकर्मी आदिको समन्वय र सहभागितामा विद्यालय खोल्ने आधार तयार गरिएको बताउँदै नगर शिक्षा अधिकारी भण्डारीले बाल विकास लगायतका सवै बालबालिकाहरुको संख्याका आधारमा सफापानी र सावुनसहितको हातधुने व्यवस्थालगायतका २० बुँदे सुरक्षित मापदण्डका

(बाँकी अन्तिम पृष्ठमा)

## आदिवासी जनजातिको भाषा-लिपिको विकास गर्न ध्यानाकर्षण

**बिर्तामोड, मंसीर १३।** नेपाल आदिवासी जनजाति महासंघ झापा तथा आबद्ध जातीय संस्थाका प्रमुखहरुले आदिवासी जनजातिको भाषा-लिपि, साहित्यको संरक्षण, सम्बर्द्धन र विकासमा सहयोग गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

शनिवार बिर्तामोडमा भएको छलफलमा उनीहरुले स्थानीय, प्रदेश र संघीय सरकारलाई उक्त विषयमा ध्यानाकर्षण गराएका हुन्। आदिवासी जनजातिका भाषा र लिपिको संरक्षण र विकासका लागि सञ्चारमाध्यममा सामग्री प्रकाशन गर्ने लगायतका काम गर्न आफूहरु अग्रसर हुने बताउँदै उनीहरुले त्यस कार्यका लागि ठोस् सहयोग गर्न सरकारको ध्यानाकर्षण गराएका हुन्।

महासंघ तथा जातीय संस्थाका प्रमुखहरुले संविधानमा उल्लेख भएको स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र, उपस्वायत्त क्षेत्र लगायतका व्यवस्था तत्काल कार्यान्वयन गर्न समेत सरकारसँग माग गरेका छन्। उनीहरुले झापामा रहेको लोपोन्मुख खडिया र मुन्डा जातिलाई संघीय कानून अनुसार तत्काल सूचीकरणका लागि समेत ध्यानाकर्षण गराएका छन्।

त्यस्तै स्थानीय सरकारबाट नीति कार्यक्रम र बजेट बनाउँदा लक्षितवर्ग लगायत सबैको सहभागितामा सामाजिक समावेशीकरणको सिद्धान्त बमोजिम गर्न स्थानीय सरकारलाई आग्रह गर्दै आफ्नोतर्फबाट सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन्।

छलफलमा महासंघका अध्यक्ष भरतकुमार श्रेष्ठ, पूर्वअध्यक्ष तथा नेपाल तामाङ घेदुङका नेता प्रेम घिसिङ, महासंघका उपाध्यक्ष पाण्डवलाल चौधरी, नेपाल कुमाल समाज सुधार समितिका अध्यक्ष अम्बरबहादुर कुमाल, थारु कल्याणकारिणी सभाका जिल्ला अध्यक्ष पुष्पलाल चौधरी, राजवंशी समाज विकास समितिका जिल्ला अध्यक्ष पुकारचन्द्र सिंह राजवंशी, किरात याक्थुङ चुम्लुङ झापाका कार्यवाहक अध्यक्ष सेसेहाङ फियाक, नेवाः देय् दवुः झापाका अध्यक्ष दिनेश शाक्य, जनजाति महासंघ झापाकी उपाध्यक्ष गंगा सेर्मा, टेकबहादुर देवान लगायतले आफ्ना धारणासहित सुझाव राखेका थिए।

(बाँकी अन्तिम पृष्ठमा)

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

CTEVT बाट सम्बन्धन प्राप्त यस (TECS) विद्यालयमा डिप्लोमा तहको हाईड्रोपावर इञ्जिनियरीङ (Diploma in Hydropower Engineering)मा अध्ययन गर्न ईच्छुक विद्यार्थीहरुलाई भर्नाको लागि यो सूचना प्रकाशित गरिएको छ।

- **शैक्षिक योग्यता :** SLC/TSLC उत्तीर्ण वा SEE मा गणित र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त
- **फारम बुझाउने मिति :** २०७७ मंसीर ०५ शुक्रबारदेखि २०७७ मंसीर १५ गते सोमबार सम्म
- **फारम शुल्क :** रु. ८००/- मात्र
- **आवश्यक कागजात :** शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि र MRP (35x45 mm) साइजको फोटो २ प्रति
- **फारम बुझाउने स्थान :** मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड-२, रामचौक, झापा

थप जानकारीका लागि :- **मोहनमाया माध्यमिक विद्यालय**
०२३-५४३६५२, ९८४२७०४७३४, ९८४२६८४३५१, ९८०३४७०१६०, ९८१५९३६६६८

**शेरबहादुर श्रेष्ठः प्रधानाध्यापक**

Email: purwanchal2052@gmail.com / purwanchal@ntc.net.np URL : purwanchaldaily.com

# प्रचण्डको प्रस्तावमा ओलीको लिखित विचार पेश

**काठमाडौं, मंसीर १३।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय शनिवार भएको बैठकमा पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो विचार लिखितरूपमा पेश गरेका छन्। यसअघि मंसीर ३ गते अर्का अध्यक्ष दाहालले समेत प्रस्ताव पेश गरेका थिए।

पार्टी बैठकबारे जानकारी दिँदै नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सचिवालय बैठकमा अध्यक्ष ओलीले यसअघिको बैठकमा तय भए अनुसार नै आफ्नो विचार लिखितरूपमा प्रस्तुत गरेको बताए।

प्रस्तुत विचारले पार्टीमा देखिएको समस्या, त्यसको जरो, पार्टीको संकट र त्यसको सारतत्वका बारेमा छलफल हुनु र पार्टीको समस्या, सङ्कट तथा समाधान र निवारणका बारेमा छलफल हुनु स्वभाविक भएको उनले बताए। बहसले पार्टीलाई एकता र गति पैदा गर्न सक्ने प्रवक्ता श्रेष्ठको भनाइ छ। आएका प्रस्तावमाथि पार्टी कमिटीमा हुने बहसको प्रक्रियाले पार्टीभित्र सकारात्मक योगदान गर्ने उनले विश्वास व्यक्त गरे।

यही मंसीर ३ गते बसेको सचिवालय बैठकमा अध्यक्ष ओलीलाई आफ्नो विचार लिखित रूपमा प्रस्तुत गर्नका लागि सहमति प्रदान गरेको थियो। अध्यक्ष ओलीले प्रस्ताव गरेको प्रतिवेदनलाई अध्ययन गर्नका लागि



थप तीन दिनको समय सचिवालय बैठकलाई दिइएको प्रवक्ता श्रेष्ठले जानकारी दिए। उनका अनुसार उक्त प्रतिवेदन अध्ययन गरेर तथा आवश्यक छलफल र गृहकार्य गरेर फेरि १६ गते १ बजे पुनः सचिवालय बैठक पार्टी केन्द्रीय कार्यालय धुम्वाराहीमा बस्ने छ। उनले (अध्यक्ष ओली)ले लिखित रूपमा प्रस्ताव पेश गरे पनि आफूहरुले हेर्न नपाएको बताए। प्रधानमन्त्री ओलीले पार्टीको अहिलेको समस्या, सङ्कट र त्यसलाई सामाधान गर्न छलफल बहस र अन्तरसंघर्षलाई सही दिशा दिनुपर्ने आवश्यकता औंल्याउनुभएको छ- प्रवक्ता श्रेष्ठले भने।

उनले आजको सचिवालयको बैठकमा बोल्नुहुने अध्यक्ष ओली, अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', वरिष्ठ नेता माधवकुमार नेपाल, झलनाथ खनाल र उपाध्यक्ष वामदेव गौतमले पार्टी एकताको रक्षामा जोड दिएको बताए। उनीहरुले अहिलेको छलफल र बहसले पार्टी एकतामा विचलन पैदा हुने वा पार्टी फुटको दिशातिर जानुपर्नेमा सोच्नु हुन्न वा सोच्नुपर्दैन- उनले भने- पार्टी एकताको रक्षा र सुदृढीकरण गर्न अहिलेको छलफल र बहसलाई सदुपयोग गर्नुपर्दछ।

उनले दुईवटा प्रस्तावमाथि अध्ययन गरेर आगामी सचिवालय बैठकमा छलफल गरिने बताए। दुवै प्रस्तावमाथि यही मंसीर १६ गते बस्ने सचिवालय बैठकमा छलफल हुने र त्यो दिन नसकिए अर्को दिन मंसीर १७ गते पनि गर्ने जानकारी दिए। उनले पार्टीभित्र देखिएका समस्यालाई पार्टी कमिटीको बैठकमा व्यवस्थित र विधिवत ढङ्गले छलफल गरेर निष्कर्ष निकालिने समेत बताए। नेकपाले यही मंसीर १८ गते स्थायी कमिटी र मंसीर २५ गते केन्द्रीय कमिटी बैठकको आयोजना गरेको छ।

# प्रहरी हुँ भन्दै ठगी गर्ने पक्राउ

**झापा, मंसीर १३।** जिल्ला प्रहरी कार्यालय सुर्खेतले प्रहरी हुँ भन्दै ठगी गर्ने एकजना युवकलाई पक्राउ गरेको छ।

जिप्रका सुर्खेतका प्रहरी निरीक्षक कनक शाही नेतृत्वमा गएको ११ जना प्रहरीको टोलीले शुक्रबार बेलुका सान्नीत्रिवेणी गाउँपालिका-४ कालीकोट घर भई हाल वीरेन्द्रनगर नगरपालिका-३ तातोपानी सुर्खेतमा बस्दै आएका २८ वर्षीय बिलबहादुर धामीलाई पक्राउ गरेको हो। धामीलाई रु. १२ हजार नगदसहित पक्राउ गरिएको प्रहरी निरीक्षक शाहीले बताए।

समुदायमा म प्रहरी हुँ भन्दै ठगी गरेको विशेष सूचनाको आधारमा हामीले उनलाई पक्राउ गरेका हौं- प्रहरी निरीक्षक शाहीले भने- पक्राउ परेका धामीलाई सोधपुछ गर्दा भने म वनरक्षक हुँ भनी बताएको बयान दिएका छन्। उनका बारेमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ।

## वेपत्ता ...

तथा ऋण सहकारी संस्थामा कार्यरत् उनी गत सोमबार विहान ७ बजे बिर्तामोडको एक होटलमा साथीभाइहरुसँग चिया पिएर १० बजेतिर खाना खान घर जान्छु भनी हिँडेका थिए। २३ वर्षीय पौडेल त्यसपछि एकाएक वेपत्ता भएका थिए।

उनलाई प्रहरीको समन्वयमा आफन्तले सकुशल फेला पारेको पौडेलका आफन्त तथा सञ्चारकर्मी विष्णु पौडेलले बताए। शिवसताक्षी-६ निवासी पौडेल बिर्तामोड-५मा डेरा गरी बस्दै आएका थिए।

# विकासमा विभेद गरेको छैनः सेर्मा

**शिवगञ्ज, मंसीर १३।** शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार सेर्माले नगरभित्रका विकास निर्माणका कुरालाई लिएर सामाजिक सञ्जालमा स्ट्याट्स राखेर गन्गन् नगर्न शिवसताक्षीका नगरबासीलाई आग्रह गरेका छन्।

उनले वडा कार्यापालिकाले सम्बोधन गर्न नसकेका क्षेत्रमा बाटो, कल्भर्ट, पुल जस्ता पूर्वाधार आवश्यक भए वडा कार्यपालिकाको सिफारिस लिएर सिँधै नगरमा आउन नगरबासीलाई आग्रह गरे। शिवसताक्षी नगरपालिकाको वडा नम्बर- ४मा रहेको त्रिभुवन माध्यमिक विद्यालयका गरीब तथा जेहेन्दार छात्रछात्रालाई विद्यालय पोशाक वितरण कार्यक्रममा बोल्दै नगर प्रमुख सेर्माले यस्तो बताएका हुन्।

नगरकार्यपालिकाले राजनीतिक आस्था, जात, धर्म, लिङ्ग, बर्ग, समुदाय र भूगोलका आधारमा कसैलाई पनि विभेद नगरिएको उनले दावी गरे। त्रिभुवन माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद चापागाँईले विद्यालयको मैदानमा बर्खायाममा पानी जमेर हिलाम्मे भएको गुनासो गरेपछि नगर प्रमुख सेर्माले बिद्यालयको समस्या पहिलोपटक आफूले सुनेको बताए, यस्ता समस्या रहेछन्, विद्यालय प्रशासन र वडाबाट जानकारी नआएकाले म अनभिज्ञ थिएँ'- उनले भने। नगरमा गुनासो सुन्ने अधिकारी र विषयगत



शाखा भएकाले त्यहाँ पनि गुनासो वा सूचना दिन नगर प्रमुख सेर्माले नगरबासीलाई आग्रह समेत गरे।

श्रीमान्सहित तीन छोरा गुमाएर पनि समाजसेवाको अग्रपंक्तिमा रहेकी गोपाल गौरी दिगो प्रतिष्ठानकी केन्द्रीय अध्यक्ष इन्दिरा गौतमले आफ्नो माइलो छोरा सरोजको १८औं पुण्यतिथिका अवसरमा सो बिद्यालयका १८ छात्रछात्रालाई विद्यालय पोशाक प्रदान गरेकी थिइन्। श्रीमान्सहित तीनै छोराको स्मृतिमा उनले वर्षेनि समाजमा रचनात्मक र अनुकरणीय कार्य गर्दै आएकी छन्।

कार्यक्रममा पालिकाकी उपप्रमुख भोजकुमारी नेपाल, विद्यालयका प्रधानाध्यापक चापागाईं लगायतले आफुलाई सामाजिक अगुवा भन्ठान्नेहरुले ईन्दिरा गौतमबाट धेरै कुरा सिक्न रहेको धारण राखेका थिए। विद्यार्थीलाई पोशाक वितरण गर्नुको औचित्यमाथि प्रतिष्ठानकी केन्द्रीय अध्यक्ष गौमतले व्याख्या गरेकी थिइन्।

## स्थानीय ...

बारेमा सहभागीहरुलाई जानकारी गराएका थिए।

छलफलमा बोल्दै संविधानसभा सदस्य रवीन कोइरालाले विद्यालय सञ्चालनमा सतर्कता अपनाउन जारी गरिएको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ले तोकेको मापदण्ड प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने बताए। उनले दक्ष र अनुभवी स्वास्थ्यकर्मीहरुबाट विद्यार्थीहरुलाई कोभिडका बारेमा परामर्श दिनुपर्ने, हरेक विद्यालयले अभिभावकको भेला बोलाएर कोभिडका बारेमा छलफल चलाउनुपर्ने समेत बताए। नगरभित्रका योजनाहरु पूर्णरुपमा सम्पन्न भए नगरको मुहार फेरिने भएकाले समयमै त्यस्ता योजना सम्पन्न गर्न समेत उनले सुझाव दिए। नगरका विकास निर्माणका काम सम्पन्न गर्न आफ्नोतर्फबाट पूर्ण सहयोग हुने आश्वसन समेत संविधान सभा सदस्य कोइरालाले दिए।

१ नम्बर प्रदेशसभा सदस्य बुढाथोकीले यसअघिका जानेर वा नजानेर भएका सवै त्रुटीहरुलाई सच्च्याएर अघि बढ्न जोड दिए। हरेक नगरवासीहरु जिम्मेवार बन्नुपर्नेमा जोड दिँदै उनले कोभिड १९को संक्रमण नियन्त्रण गर्न हरेक नगरवासी सचेत हुनुपर्ने र अहिले अस्तव्यस्तरुपमा रहेका हाटबजारहरुलाई व्यवस्थित गर्न नगरपालिकालाइ सुझाव दिए। अर्का प्रदेशसभा सदस्य मैनालीले सरकारले बनाएको मापदण्ड कार्यान्वयन गराएर मात्र विद्यालय सञ्चालन गर्न सुझाव दिए। उनले वडादेखि विद्यालय तथा नगरस्तरीय अनुगमन टोली बनाएर कार्यान्वयन भए नभएको अनुगमन गर्नुपर्ने बताए।

१ नम्बर प्रदेश सभा सदस्य थापाले अहिले कोभिडकै कारण अभिभावक तथा विद्यार्थीहरु मारमा परेको बताइन्। निर्णय गरेर कार्यान्वयन नभए ठूलो संकट निम्तिने भन्दै उनले कार्यान्वयन पक्ष मजबुत हुनुपर्ने बताइन्।

छलफलका अधिकांश वक्ताहरुले नेपाल सरकार, प्रदेश सरकार स्थानीय तहबाट जारी गरिएका जनस्वास्थ्य एवम् सुरक्षा सम्बन्धी मापदण्डहरु पूर्णरुपमा पालना गर्ने गरी शिक्षण संस्थाहरु सञ्चालन गर्न जोड दिएका थिए। हरेक विद्यलायले विद्यार्थीहरुका लागि हात धुनका लागि विद्यालय परिसरमा सावुन पानीको व्यवस्था, मास्क, सेनिटाइजर, ग्लोब्सको अनिवार्य प्रयोग गर्नुपर्ने समेत सहभागीले बताएका थिए। सम्बन्धित वडा कार्यालय, विद्यालय, विभिन्न राजनीतिक दल, टोल विकास संस्थालगायतको सहभागितामा अनुगमन टोली निर्माण गर्न सहभागीको जोड थियो।

छलफलमा जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य धनप्रसाद गुरुङ, नेपाली कांग्रेसका झापा उपसभापति राम कट्टेल, क्षेत्रीय सभापति मणिकुमार उप्रेती, नेकपा मेचीनगर कमिटी इञ्चार्ज देवकुमार राई, नगर अध्यक्ष माधवलाल अर्याल, नेपाली कांग्रेसका मेचीनगर सभापति इन्द्रबहादुर बुढाथोकी, जनता समाजवादी पार्टीका मेचीनगर अध्यक्ष ओमप्रकाश खापुङ, राप्रपाका मेचीनगर अध्यक्ष सुशील आचार्यलगायतले आ-आफ्नो धारणा राखेको नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्तीले जानकारी दिए।

निमित्त नगरप्रमुख उप्रेतीले नगरपालिकाले अहिलेसम्म भए गरेका विकास निर्माणका कामका बारेमा समेत जानकारी गराएकी थिइन्। उनले कोभिड अस्पतालका आवश्यक जनशक्ति स्रोत साधनको व्यवस्थापन शुरु गरिएको समेत बताइन्। कोभिड १९ संक्रमण नियन्त्रण सम्बन्धी गरिएका गतिविधि, जनशक्ति व्यवस्थापनका लागि करारमा नियुक्तिका लागि सूचना प्रशारण गरिएको, अक्सिजन सिलिन्डरको व्यवस्थापन, संक्रमण देखिएका विपन्न परिवारका लागि निःशुल्क पीसीआर परीक्षणको व्यवस्था मिलाइएको बताइन्। विकास प्रगति सम्बन्धि परियोजना अन्तर्गत बहुवर्षीय योजनाका बारेमा चर्चा गर्दै उनले मेचीनगर-६, ८ र १० नम्बर वडा कार्यालयको नयाँ भवन बन्ने जानकारी दिइन्। ती तीनै वटा भवन बनाउन तीन करोड भन्दाबढी रकममा टेण्डरमार्फत ठेक्का लागिसकेको उपप्रमुख उप्रेतीले बताइन्। त्यसका लागि टेण्डर आव्हान गरेर ती वडा कार्यालयहरुको भवन निर्माण कार्य शुरु भइसकेको छ।

मेचीनगर-२, ५, १२ र १३ नम्बर वडा कार्यालयको भवन निर्माणका टेण्डर प्रकिया शुरु गर्ने निर्णय गरिएको यी चार वटा भवन बनाउन वहुवर्षीय योजना मार्फत चालूआर्थिक वर्षका लागि १ करोड ३० लाख रुपैयाँ विनियोजन गरिएको उनको भनाइ छ। यसअघि नगरपालिकाले वडा नम्बर १, ३, ७ र ९ को कार्यालयको भवन बनाइसकेको छ।

मेचीनगर-४, ११, १४ र १५ नम्बर वडा कार्यालय पहिलैदेखि आफ्नै पुरानो पक्की भवनमा छ। मेचीनगरका १५ वटै वडा कार्यालयको भवन चालूआर्थक वर्ष र अर्को आर्थिक वर्षभित्र पूरा हुने उपप्रमुख उप्रेतीले दावी गरिन्। नमूना विद्यालय, भ्यू टावर, गौरवका योजनाहरुमा कृषि मण्डी, संग्रहालय, प्यारीभिट्टा वसपार्क, कृषि पशु अनुसन्धान तथा वाटर वल्ड, महिला पोलिटेक्निकल सेन्टर, युवा स्वरोजगार केन्द्र, सेनेटरी ल्याण्डफिल्ड साइड, व्यक्तिगत घटना दर्ता डिजिलाइजेसनका बारेमा उनले चर्चा गरिन्। हालसम्म नगरक्षेत्रभित्र ४ हजार १ सय ९८ जनाको पीसीआर परीक्षण गरिएको, ४१ जना संक्रिय संक्रमित रहेको ८ जनाको मृत्यु भएको उनले जानकारी दिइन्। छलफलको सञ्चालन गर्दै प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझाले सहभागीहरुलाई विविध विषयमा जानकारी गराएका थिए।

## सडकमा ...

आवगमनमा सहजीकरण गर, बन्द नाका खुला गर, होल्डिङ्ग सेन्टरमा गाडी बुक गर्ने कार्य तत्काल बन्द गर जस्ता नारा लेखिएका प्लेकार्डसहितका प्रदर्शनकारीले काँकरभिट्टा बजारका मुख्यः मुख्यः भागको परिक्रमा गरेका थिए।

र्‍यालीपछि आयोजित कोणसभाका वक्ताहरुले कोभिड १९को संक्रमण देखाएर लामो समयदेखि सरकारले गरेको सीमानाका बन्दका कारण पर्यटकको आवागमन ठप्प भएको भन्दै नगरका हरेक व्यवसायीले लाखौं आर्थिक व्ययभार व्यहोर्नु परेकोले सुरक्षा सावधानी अपनाएर पर्यटकको आवागमन सहज बनाउन माग गरेका थिए।

वक्ताहरुले मेचीनगर-६स्थित काँकरभिट्टामा रहेको होल्डिङ्ग सेन्टर तत्काल हटाउनुपर्ने माग गर्दै त्यहाँ देखिएको विचौलिया प्रवृत्ति र विकृतिको अन्त्य गर्न माग गरेका थिए। होटल व्यवसायी संघ मेचीनगर महासचिव हस्तकुमार तामाङले सञ्चालन गरेको कोणसभामा बोल्दैं संघका अध्यक्ष सुरेशकुमार श्रेष्ठले नाकाबन्दीका कारण अरु सबै क्षेत्र सञ्चालनमा आए पनि होटल व्यवसाय अझै सञ्चालनमा आउन नसकेको गुनासो गरे। होटल ब्यवसायी संघका केन्द्रीय सचिव राजु अधिकारीले झापाबाट शुरु भएको प्रदर्शनलाई केन्द्रले समेत एक्यबद्धता जनाएको बताउँदै सरकारसंग आवागमन खुला गराउन माग गरिएको बताए।

कोणसभामा मेची उद्योग बाणिजय संघ मेचीनगरका महिला उपाध्यक्ष विना तामाङ, ट्राभल संघ झापाका अध्यक्ष निरबहादुर कार्की, होटल व्यवसायी संघ मेचीनगरका अध्यक्ष सुरेशकुमार श्रेष्ठ गोपाल फेवा, नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका मेचीनगर अध्यक्ष खडानन्द भण्डारीलगायतले बोलेका थिए।

## आदिवासी ...

'नेपालमा एक बहुजातीय, बहुभाषिक र बहुधार्मिक संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुक घोषित भई लोकतन्त्रको अभ्यास भइरहेता पनि आदिवासी जनजाति लगायत अन्य पछाडि परेका वर्ग, उनीहरुको भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण र विकास हुन सकेको छैन'- छलफलको साझा निष्कर्ष रहेको छ- 'यो सन्दर्भमा आदिवासी जनजातिको अधिकार र भावनाको सम्मान हुने गरी नीति ल्याउन र संविधान कार्यान्वयन गर्न नेपाल सरकारसहित तीनै तहका सरकार समक्ष आग्रह गर्दछौं। संवाद समूहको संयोजनमा भएको छलफलको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए।


बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्कनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

कर्मचारी आवश्यकता

पद : बजार प्रतिनिधि
संख्या : केही (महिला/पुरुष)
तलब : संस्थाको नियम अनुसार
स्थानः गरामनी, अर्जुनधारा, बुट्टाबारी, लक्ष्मीपुर, दुर्गापुर, बिर्ताबजार, सैनिक बजार, घैलाडुब्बा ।

सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि

सम्पर्क : ५५०६७६/९८१५०६२२१५

डा. रवि शाही

MBBS, MD. DM

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं

बरिष्ठ मुटु रोग विशेषज्ञ

के तपाई मुटु सम्बन्धी कुनै पनि समस्या हुनुहुन्छ ? या उच्च रक्तचापको समस्यामा हुनुहुन्छ ? यदि हुनुहुन्छ भने मुटु रोगमा DM (Cardiologist) गर्नु भएका बरिष्ठ विशेषज्ञ डा. रवि शाही हरेक महिनाको तेस्रो शनिवार गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंबाट प्रदीप फार्मेसी, भद्रपुररोडमा आउँदै हुनहुन्छ । समयमा नै सम्पर्क गरी ढुक्क बन्नुहोस् ।

सम्पर्कः प्रदीप फार्मेसी

भद्रपुररोड, बिर्तामोड, झापा

फोन नं. ०२३-५४३७९५,

मो. ९८५२६७७८२३, ९८०२६७७८२६


## झापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टाघनडुब्बा झापा, १ नं. प्रदेश, नेपाल

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०७७/०८/१४)

झापा गाउँपालिकामा सञ्चालन हुन गइरहेको ५ बेडको कोभिड अस्पतालका लागि झापा गाउँपालिका वडा नं २ बालुवाटारमा रहेको isolation center मा रहने गरी तपसील बमोजिमको कर्मचारी करार सेवामा नियुक्ति गर्नुपर्ने भएको हुँदा इच्छुक, योग्यता पुगेका नेपाली नागरिकहरुबाट ७ दिनभित्र कार्यालय समयमा तोकिएको राजश्व बुझाई दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| क्र.स. | विज्ञापन नं | पद | तह | संख्या | तलव | नियुक्तिको अवधि | दस्तुर | योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०२/०७७-०७८ | मे.अ. | अधिकृत आठौं | १ | नेपाल सरकारले तोके बमोजिम | ३ महिना | १०००।- | मान्यताप्राप्त संस्थाबाट MBBS उत्तीर्ण गरी NMC मा दर्ता भएको। |
| २ | ०३/०७७-०७८ | स्टाफ नर्स | सहायक पाँचौ | २ | नेपाल सरकारले तोके बमोजिम | ३ महिना | ५००।- | PCI Nursing उत्तीर्ण गरी Nepal Nursing Council मा दर्ता भएको |
| ३ | ०४/०७७-०७८ | ल्याव असिस्टेन्ट | सहायक चौथो | १ | नेपाल सरकारले तोके बमोजिम | ६ महिना (टाघनडुब्बा स्वास्थ्य चौकीमा रहने गरी) | ४००।- | मान्यताप्राप्त शिक्षण संस्थाबाट TSLC LAB ASSISTANT COURSE उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसाय परिषद्मा दर्ता भएको। |
| ४ | ०५/०७७-०७८ | का.स. | श्रेणीविहीन | १ | कार्यालयले तोके बमोजिम | ३ महिना | ३००।- | साक्षर |

१. आवेदन फारम झापा गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ।

**२. दरखास्त दिने अन्तिम म्याद** : २०७७ ०८/२१ गते सम्म हुनेछ।

**३. दरखास्त बुझाउने स्थान** : गाउँकार्यपालिकाको कार्यालय

**४. परीक्षाको किसिम** : अन्तरवार्ता

**५. परीक्षा मिति** : मिति २०७७/०८/२२ गते तोकिने छ ।

**६. आवश्यक कागजात** :

क. नेपाली नागरिकताको प्रतिलिपि

ख. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि

ग. दर्ता प्रमाण-पत्र

घ. सेवा सम्बन्धी तालिम र अनुभव प्रमाणपत्रको प्रतिलिपि

**खेमराज थापा**
**प्रमुख प्रशासकीय अधिकृत**


MPHASIS TECH FOUNDATION PVT. LTD.

VACANCY

Mphasis Tech foundation Pvt. Ltd. is seeking competent, smart and energetic Nepalese candidates for the following position:

**POSITION:** Data Operator (few)

MINIMUM REQUIREMENT:

**AGE** : Not exceeding 30 years

**QUALIFICATION** : - At least +2 completed in any discipline
- 6 month computer training or academic certification in computer related subject

**SKILLS :-** Typing speed and accuracy in Traditional or Romanized Nepali Unicode
- Knowledge of using office equipment

Candidates fully meeting the mentioned requirements may apply in the address mentioned below. Please attach the copies of:
* Cover letter with mentioning the position applied for
* Updated CV with a recent 2 recent passport size photograph
* Mark sheet and transcript
* Character certificates
* ID documents

WORKING AREA: Bhadrapur Municipality

(Note:- Priorities are giving to candidates from Bhadrapur Municipality)

**Contact us @ Mobile no. : - 9842103209 / 9828570003**

**e-mail: - tiwariarjun191@gmail.com**

The Mphasis Tech Foundation Pvt. Ltd. reserves the right to reject any/ all applications without assigning whatsoever.

**Last date of Application:** 30 November 2020.



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## संवादहीनता अन्त्य होस्

**नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायतका सीमा अतिक्रमणपछि चिसिएको नेपाल–भारत सम्बन्धमा सुधारको संकेत देखिएको छ । भारतले नेपाली भूमि समेटेर आफ्नो नक्सा सार्वजनिक गरेपछि नेपालका तर्फबाट आपत्ति प्रकट गर्दै ती भूमिलाई समेटेर आफ्नो नक्सा सार्वजनिक गरेपछि दुई देशका बीच संवादहीनता थियो । नेपालले वार्ताका लागि गरेको प्रस्तावमा भारतले कोभिड–१९ को नियन्त्रणपछि मात्रै वार्ता गर्ने भन्दै संवादको ढोका बन्द गरेको थियो । यही संवादहीनताका बीच भारतीय गुप्तचर विभाग 'र अ' का प्रमुख सामन्त गोयल र त्यसपछि सेना प्रमुख मनोज मुकुन्द नरवणे नेपाल आएर उच्चस्तरीय भेटवार्ता गरेका थिए । यसैक्रममा भारतीय विदेश सचिव हर्षवर्धन श्रृंगलाले दुई दिने भ्रमण गर्दै दुई देशकाबीचको संवादहीनतालाई औपचारिकरुपमै अन्त्य गरेका हुन् ।**

**भारतीय विदेश सचिव हर्षवर्धनले नेपाल भ्रमणका क्रममा समकक्षी नेपालका परराष्ट्र सचिव भरतराज पौड्याल, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, प्रधानमन्त्री केपी ओली, राष्ट्रपति विद्यादेवी भण्डारी, प्रमुख प्रतिपक्षी दल लगायतसँग भेटघाट गरेका थिए । भारतीय विदेश सचिव हर्षबर्धनको यो भ्रमणले दुई देशकाबीचको कुटनीतिक संवादहीनता तोडिएको छ र विद्यमान सबै समस्याको समाधान कुटनीतिक माध्यमबाट समाधान गर्न सकिने आशा पलाएको छ । भ्रमणका क्रममा विदेश सचिवले नेपाल–भारतको सुमधुर सम्बन्धको चर्चा गर्दै त्यही सम्बन्धले दुबै देशका जनताको पनि हित गर्ने बताए । विगतमा भारतले गरेको नाकाबन्दी, सीमा अतिक्रमण वा अन्य राजनीतिक कारण वा चरणले नेपाली जनतामा भारत विरोधी मानसिकता जन्माएको छ । यी र यस्ता असमझदारीलाई स्थायी रुपमा हटाउन जरुरी छ र त्यसले मात्र नेपाल–भारतका बीच सहकार्य हुनसक्छ र सम्बन्ध पनि सुमधुर बन्न सक्छ ।**

**नेपाली भूमि टेकेपछिको पहिलो संवाद नेपाली भाषामा प्रभावकारी ढंगले दिएका विदेश सचिव हर्षवर्धनले त्यही समय केही सकारात्मक सन्देश ल्याएको अनुभूति गराएका थिए । दुई देशका बीचको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई नेदेखे जस्तो नगर्ने हो भने भाषा, रहनसहन तथा सामाजिक समानता र सद्भावलाई पुनर्जाग्रत गर्नैपर्छ । यद्यपि भारतसँग सम्बन्ध चिसिएपछि चीनले नजिकिएर नेपाललाई प्रभावमा लिन खोजेको टिप्पणी भएको छ, तर कोभिड–१९ का कारण बन्द भएको नाकालाई चीनले पनि सहज ढंगले उपयोग गर्न दिएको छैन । छिमेकीहरुको आ–आफ्नो स्वार्थका कारण जहिल्यै अस्तित्वको संकटमा पर्ने नेपाल र नेपालीलाई देशभक्त र जातिभक्त राजनेताको खाँचो छ । तिनले मात्र नेपाली स्वाधीनता र स्वतन्त्रताको रक्षा गर्दै विगतका असमझदारीलाई अन्त्य गर्न सक्छन् ।**

# विद्यालय खुल्ने होइन, सहजीकरणको स्वरुपमात्र परिवर्तन



पूर्णबहादुर कटुवाल

विश्वव्यापीरुपमा फैलिएको कोरोनाका कारण बालबालिकाको सिकाइमा असहजता आएको छ। विगत नौ महिनादेखि शिक्षण संस्थाहरुमा नियमित पठनपाठन हुन सकेको छैन। यसैबीच सरकारले यस वर्षको शैक्षिक सत्र खेर जान नदिनका लागि पटक-पटक वैकल्पिक सिकाइका ढाँचाहरु ल्याएको छ। यी कार्यविधि र ढाँचाहरु जतिपटक ल्याइए पनि सिकाइलाई अलमल्याउने गरी मात्र आए। कुनै ठोसे योजना र नीति बिना ल्याइएका सिकाइ सहजीकरणका यी उपाय मुलुकका सबै ठाउँमा समानरुपले व्यवहारिक हुन सकेनन् । पछिल्लोपटक ल्याइएको सिकाइ सहजीकरण अर्को ढाँचाले समेत विद्यालय खोल्ने र नखोल्ने वा भौतिक रुपमै सिकाइ गर्ने कि नगर्ने भन्ने विषयमा दुविधा बढाएको छ।

कतिपय सामुदायिक र संस्थागत विद्यालयले स्वास्थ्यका मापदण्ड अपनाएर भौतिक रुपमै विद्यालय खोल्ने भन्ने बुझेका छन्। कतिपयले यसलाई विद्यालय खोल्ने नभएर सिकाइलाई नियमितरुपमा सहजीकरण गर्ने र शैक्षिक क्यालेण्डरलाई वार्षिक रुपमै क्षति हुनबाट बचाई नियमित गराउने मात्र भन्ने बुझेका छन्। यद्यपि यसले स्पष्ट पारेको एउटा पक्षले भनेको विद्यालय भौतिकरुपमै विगतको जस्तै सरासर नखोलेर सिकाइलाई सहजमात्र बनाउने र आ-आफ्नो क्षेत्रको जोखिमको अवस्थालाई हेरेर के कसरी सिकाइलाई अविछिन्न बनाउने भन्ने सम्पूर्ण कुराको जिम्मेवारी स्थानीय तहलाई दिइएको भनिएको छ। यो प्रष्ट छ, तर कतिपय स्थानीय तहहरुले यस विषयमा बोल्न सकेका छैनन्। कतिपयले विद्यालय सञ्चालन गर्ने अनुमति नै दिएका छन्। बुझाइमा एकरूपता नहुँदा र सरकारले समेत अस्पष्ट अधिकार दिएका कारण मुलुकको विद्यालय स्तरको शैक्षिक गतिविधि अझै अन्योलमै छ।

स्वास्थ्यका दृष्टिकोणले मुलुक म अझै संकट नै देखिन्छ। विश्व स्वास्थ्य संगठनको पछिल्लो समयमा महामारी अझै अर्को चरणमा प्रवेश गर्ने र चिसो मौसमको समयमा महामारीले अझ भयावह अवस्था ल्याउन सक्ने चेतावनी समेत दिइरहेको छ। नेपालको सन्दर्भमा हेर्ने हो भने त मंसीरदेखि माघसम्म चिसो मौसम कै समय हो। सामान्यतयाः यस समयमा अरु वर्ष पनि निमुनिया रुघाखोकी जस्ता रोगको प्रकोप बढ्ने समय नै हो। त्यसमा पनि यस महामारीमा अझ समस्या थपिन सक्ने सबैले सहजै अनुमान गर्न सकिन्छ।

यस विषम् परिस्थितिमा सबै क्षेत्र चिन्तित हुनु स्वभाविकै हो। विद्यालय भौतिक रुप खोलेर नियमित पठनपाठन गर्ने सम्बन्धमा शिक्षा क्षेत्रसँग जोडिएका सबै इकाई चिन्तित मात्र होइन, आ-आफ्ना ढंगले प्रतिक्रिया दिइरहेका छन्। विषम् परिस्थितिमा राज्यको उचित मार्गनिर्देशन नहुँदा यसो हुनु स्वभाविकै हो।

राज्यलाई कतै न कतैबाट दबाब छ। त्यही दबाबका बीच राज्यले ठोस नीति ल्याउन सकेको छैन। आफ्नो क्षेत्रको मजबुरी अनुसार नै सिकाइ नियमितता र सहजीकरणका बारेमा ब्याख्या र विश्लेषण गरिनु दुर्भाग्य नै हो। संस्थागत विद्यालय सञ्चालकहरु विद्यालय खोलिनुपर्नेमा शतप्रतिशत मञ्जुर छन्। किनकि त्यहाँ निजी लगानी चौपट भएको छ। बैंक जमानतबाट सञ्चालन भएका धेरै विद्यालयहरू ठूलो आर्थिक मारमा परेका छन्। लगानी र ऋणका बारेमा निजी शिक्षालाई सञ्चालकका पीरमर्का बुझ्ने कुनै नीति र कार्यक्रमलाई सम्बोधन गर्न सकेको छैन। यतिमात्र होइन झण्डै बर्ष दिनदेखि लाखौं निजी विद्यालयका शिक्षक तलबविहीन भएका छन्। यसै गर्दा पनि संस्थागत विद्यालय नियमित हुनुपर्ने देखिन्छ। र, केही सोच ती संस्थाको सञ्चालकको हुनु स्वाभाविक पनि हो।

यता अभिभावकहरु पनि दुई भागमा विभाजित छन्। एकथरि महामारीमा ज्यान गुमाउनुभन्दा एक/दुई वर्ष पढाइ स्थगित हुनुलाई ठूलो कुरा मान्दैनन्। आफ्नो बालबालिकाको स्वास्थ्यको बारेमा चिन्ता गर्नु यस दृष्टिकोणले उपयुक्त होइन भन्न पनि सकिँदैन। अर्कोथरी अभिभावक स्वास्थ्यका मापदण्ड अपनाएर भौतिक रुपमै विद्यालयमै सिकाइको गर्नुको विकल्प देख्दैनन्। किनकि उनीहरुसँग भौतिकरुपमा सिकाइ सहजीकरण गर्नुभन्दा अन्य विकल्पमा जान प्राविधिक आर्थिक र भौगोलिक रुपले पनि असम्भव देख्छन्। यता स्थानीय तहलाई अधिकार दिए पनि ऊ प्रष्टरुपमा विद्यालयमा भीडभाड गराएर सिकाइ गर्न/गराउन चाहँदैन। महामारी फैलने क्रममा छ। कुनै पनि समयमा एकजना मात्र संक्रमण पुष्टि भइदियो भने हजारौं मानिस प्रभावित हुने डर उसलाई छ। यो तर्कलाई पनि अस्वाभाविक मान्न सकिँदैन।

आआफ्नो क्षेत्रबाट बोलिएका सबै तर्फमा कुनै न कुनै सही आधार होलान्। तर, अब यस विषम् परिस्थितीको टुंगो लगाउने अन्तिम दिनमा संघीय सरकार कै हुन्छ। पटक-पटक ल्याएका सिकाइ सहजीकरणका ढाँचालाई प्रष्ट पार्न जरुरी छ। सबैभन्दा पहिला त जोखिम कम भएका वा जोखिम बढी भएका वा जोखिमरहित क्षेत्रलाई छुट्याउनु पर्छ। यसरी जोखिमका आधारमा क्षेत्र विभाजन गरिरहँदा राष्ट्रियस्तरमै शैक्षिक क्यालेण्डर फर्कनु हुँदैन। किनकि झापाको एउटा विद्यालयको कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थी र काठमाडौंबाट जुम्लाको त्यही कक्षामा अध्ययन गर्ने अर्को विद्यार्थीको सिकाइ ग्रहणमा समानता हुनुपर्छ र अर्को शैक्षिकसत्रमा उनीहरु सबैले बराबरी सिकाइ उपलब्धि हासिल गरेर अघिल्लो कक्षामा अध्ययन गर्ने वातावरण बन्न सक्नुपर्छ। तर, अहिलेको राज्यको नीति स्थानीय तहको व्यवहारले यो अवस्था आउन सक्ने देखिँदैन विद्यार्थीको सिकाईमा अन्यौलता अझ बढेको छ।

कसैले पनि जिम्मेवारीबहन गर्न नसक्दा लाखौं बालबालिकाको सिक्ने अवसर अप्ठ्यारो अवस्थामा रहेको छ। आउँदो दिनमा यो दुविधाबाट बच्नका लागि स्थानीय तहले समेत आफ्नो भूमिका उपयुक्त ढंगले निर्वाह गर्न सक्नुपर्छ। एउटै स्थानीय तहमा पनि सिकाइका शैली र अवस्थाहरु फरक-फरक छन्। एउटै शैक्षिकसत्रमा एउटै कक्षाको कुनै ठाउँको विद्यार्थीले बैशाख, जेठदेखि नै वैकल्पिक विधिद्वारा नियमित सिकाइ प्राप्त गरिरहेको छ भने केही rxs 01 अर्को विद्यार्थीले अहिलेसम्म सिकाइको guide online सम्म पाउन सकेको छैन।

यस्तो अवस्थामा हामीले बालबालिकालाई कति न्याय दियौं सोच्न जरुरी छ। तसर्थ अहिलेको परिवेशलाई बुझेर मुलुकभर सिकाइमा एकरुपता र नियमितता ल्याउनु प्रष्ट सरकारी मार्गनिर्देशनका आधारमा स्थानीय तह विद्यालय प्रशासन अभिभावक र जीम्मेवार नागरीकको पहलकदमी आवश्यक देखिन्छ। विद्यालय विगतको जस्तो नियमित र भौतिकरुपमा सञ्चालनमा ल्याउने अवस्था छैन र राज्यले पनि विद्यालय नियमितरुपमा विगतको जस्तो सञ्चालन गर्न उनीपनि कार्ययोजना ल्याएको छैन। खेलकुद अतिरिक्त क्रियाकलाप दैनिक क्रियाकलाप आदि सञ्चालन गरेर विद्यालय खोल्ने यस बर्षको अवस्था होइन र सरकारको लक्ष्य उद्देश्य र कार्यक्रम पनि नियमित रुपमा विद्यालय खोल्ने नभई सहजीकरणलाई केही सहज र व्यवस्थितमात्र गरिएको हो। मात्र यति हो कि स्वास्थ्यका मापदण्ड अन्तर्गत मासको उचित र उपयुक्त प्रयोग सकेसम्म भौतिक दूरी कायम र सरसफाईमा कुरा ख्याल गरी साप्ताहिक रुपमा फरक सिटमा आलोपालो गरी विद्यालय भवनलाई केन्द्र बनाई सहजीकरण मात्र गर्ने हो भन्ने बुझ्न जरुरी छ।


अहिले विद्यालय ठाउँ विद्यालय खोलिने भन्ने देखाइँदै छ। तर, अहिलेसम्मका कुनै पनि सरकारी निर्णयले यसो गरेको देखिँदैन। सिकाइ सहजीकरणलाई नियमित बनाउने ढाँचामात्र परिवर्तन गरिएको छ।



कक्षामा विद्यार्थी कोचेर प्रदर्शनी गरेर प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गरेर विद्यालय सञ्चालन गर्ने अवस्था यो होइन कुनै महामारी बढ्दो क्रममा छ। हामीले देखेका र भोगेका छौं। यसलाई संस्थागत विद्यालय होस् वा सामुदायिक शक्षक होस् वा विद्यार्थी अभिभावक होस् वा समाजको जिम्मेवारी नागरिक, ठूलो सतर्कताका साथ बाँच्ने र नियमित क्रियाकलापलाई समेत सञ्चालन गर्ने समय हो।

विद्यालय खोल्ने भीडभाड गर्ने जस्ता प्रतिस्पर्धामा जाने समय यो होइन। तर, सिकाइ सहजीकरण वैकल्पिक माध्यमलाई नियमित गर्नु हामी सबैको जिम्मेवारी पक्षको कर्तब्य हो। त्यसैले अहिलेको अवस्थालाई विद्यालय खोल्ने उपयुक्त समयका रूपमा कसैले नसोचौं। मात्र यो समयलाई सहजीकरणको स्वरुप परिवर्तन गरी बालबालिकाको सिकाइलाई नियमितरुपमा सहजीकरणका माध्यमबाट अगाडि बढौं भन्ने सोचौं।

# खुशीको लागि समय र परिस्थिति स्वीकार गरौं



अमित संग्रौला

एकदिन गुरु र शिष्य गफ गर्दै बाटोमा जाँदै थिए। त्यसैबखत बाटोमा सानो नदी हुन्छ। शिष्य पहिला नै त्यो नदी तरेर अर्को किनारमा पहिला पुग्छ। गुरुले त्यो नदी तर्ने बेलामा अधबैंसे महिला त्यहाँ नजिकै हुन्छिन्। महिला अशक्त र कमजोर भएकोले गुरुले बोकेर त्यो नदी तर्न सहयोग गर्छन्। त्यो नदी तरेको शिष्यले देखिरहेको हुन्छ। शिष्यको नियत खराब हुन्छ। शिष्यले भन्छ- गुरुजी तपाईंको यस्तो हुनुहुँदोरहेछ महिले कहिले सोचेको थिइन् । गुरुजी भन्नुहुन्छ- के कुरा बालक ? त्यो महिलालाई तपाईंले कसरी बोक्नुभयो। त्यो कुरा सुनेर गुरुजी हाँस्नुभयो। बालक ती महिलालाई त्यहीँ नेर भएको किनारमा छोडेको दुई-तीन घण्टा भइसक्यो। त्यो कुरा अहिले गर्दैछौ ?

वास्तवमा भन्ने हो हामी के गर्छौं भने विगतमा भएको नराम्रा घटना सम्झिन्छौं। बितेको कुरालाई सम्झेर हामी दुःखी हुन्छौं। हाम्रो मन कि त भूतकालमा जान्छ, कि त भविष्यकालमा जान्छ। मन कहिल्यै पनि स्थिर हुँदैनन् । मन चञ्चल हुन्छ। कथामा भएको शिष्यले गुरुले गरेको हर्कत देखेर। उसको मन बितेकै कुरालाई मनमा ल्याएर ऊ दुःखी भएको थियो। हामी दैनिक जीवनमा पनि अरुको गल्ती, बर्षौंअघिको दुश्मनी सम्झेर छरछिमेकीमा बोलचाल समेत बन्द गर्छौं। एउटा सानो गल्तीको कारणले सम्बन्धमा फाटो आउँछ। हामी दुश्मनी निभाउन जान्दछौं, तर माफ दिन सक्दैनौं। बितेको नराम्रा घटना बिर्सेर सुन्दर भविष्यको लागि वर्तमान समय जिउन जो सक्छ। उसले नै वास्तविक खुशीको अनुभव गर्न सक्छ।

भूतकाललाई बिर्सिने हो। भविष्यको योजना बनाएर। वर्तमान समयमा जीवन जिउनुपर्छ। खुशी भोलिमा हुँदैन आजमा छ। जीवनमा आएको जस्तोसुकै परिस्थिति होस् हामी त्यो समयलाई स्वीकार गरेर अघि बढ्नुपर्छ। समय बिग्रिए पनि मानिसको मनस्थिति बिग्रन दिनु भएर। वर्तमान जीवनमा जीवन जिउन गाह्रो छ। हाम्रो मन भूतकाल र भविष्यकालमा जान्छ। शुरुमा त्यो समयलाई स्वीकार गर्ने अनि मात्र एक्सन लिने हो। त्यो समयलाई स्वीकार गर्न नसकेर मान्छेभित्र क्रोध पैदा भएर विभिन्न अपराधी क्रियाकलाप गर्न पुग्छन्। त्यो भएर समय स्वीकार गर्दा मन शान्त हुन्छ। जीवनमा आइपर्ने कठिन परिस्थितिमा सहज दङ्गले हामी अघि बढ्न सक्छौं। विभिन्न परिस्थिति होस वा त्यस्तो समयमा धैर्य गर्न आवश्यक छ। खुशी जीवनको लागि हाम्रो मन शान्त बनाएर अनुशासन धर्यको साथसाथै समयलाई स्वीकार गरेर वर्तमान समयमा जीवन जिउन अभ्यास गर्नुपर्छ।



बालबालिकाहरु खेलेको तपाईंले देख्नुभएको छ। हाँसी रहेको देखिन्छ। उनीहरुको अनुहारमा कुनै तनाव हुँदैन। उनीहरु जे गर्छन्, शतप्रतिशत मन लगाएर गर्छन्। हाँस्ने खेल्ने, रुने त्यसमा शतप्रतिशत दिएर गरिरहेका हुन्छन्। बालबालिकाहरु वर्तमानमा जीउछन्। उमेर बढ्दै गएपछि घरपरिवार र जिम्मेवारीले तनाव हुने भएकोले बालबालिकको उमेरमा हुने खुशी, आनन्द ऊ भित्र हराउँदै जान्छ। मान्छेहरु विभिन्न परिस्थितिमा गुज्रिएन पुग्छ। कोहि मान्छे पानी पर्नुलाई समस्याको रुप लिन्छन्। त्यहीँ पानी पर्नु किसानहरु अवसर मान्छन्। जीवन जिउने क्रममा विभिन्न बाधा-अड्चन चुनौति आइपर्छन्। सुख-दुःख सबै परिस्थिति स्वीकार गरेर अघि बढ्न सक्नुपर्छ। रीस र आवेगमा आएर विभिन्न अपराध गर्न पुग्छन्।

जुन समय र परिस्थितिलाई परिवर्तन गर्न सकिँदैन त्यसमा दुःखी भएर के गर्ने ? जस्तो कि दूध उम्लिएर पोख्यो। मोबाइल हातबाट झर्‍यो। हिँड्ने बेलामा पानी पर्‍यो। चर्को घाम लाग्यो। जुन परिस्थितिलाई बदल्न सकिँदैन त्यो कुरामा दुःखी, चिन्तित हुने कारण छैन। बितेका त्यो घटना गइसक्यो। त्यो कुरा सम्झेर चिन्तित, दुःखी भएर हाम्रो मनलाई किन अशान्त बनाउने। हाम्रो मनको स्वभाव के छ भने। प्रायः गरेर बितिसकेको घटनाहरु आइरहेको हुन्छ। त्यो घटनाले अझ हाम्रो मनलाई तनाव र अशान्त बनाइदिन्छ।

खुशी, आनन्द, शान्त अहिलेको समयमा छ। मान्छे दुःखी हुने कारण भोलि के होला, कसो होला। भविष्यमा जिउछन्। तर, आजको खुशी, आनन्द, शान्त मनको तलासमा लागिरहेको छन्। जो आज दुःखी छ। अशान्त छ। उसको मन बेचैन भएको छ। भोलिको दिनमा ऊ कसरी खुसी हुन सक्छ। जीवनमा त्यस्ता परिस्थितिलाई स्वीकार गरेर त्यसपछि सही निर्यण लिन सक्नु हो। वर्तमानलाई स्वीकार गरेर त्यो समयमा जिउन सक्नु हो। हामी कुनै पनि घटना तथा परिस्थिति शुरुमा स्वीकार गर्छौं। त्यो समयमा हाम्रो मन शान्त हुन्छ। शान्त भएपछि त्यो समस्यालाई समाधानको विकल्प बाटो रोज्न सकिन्छ। मान्छेहरु सफल कसरी हुन्छन्। मेहनत, धैर्य, लगन अनुशासन त्यो समयलाई स्वीकार गर्छन् र वर्तमानमा रमाउँछन्। त्यस्ता व्यक्ति जीवनमा सफल पनि हुन्छन्।

# स्वास्थ्य सुरक्षा अपनाउँदा सुरक्षित छन् ज्येष्ठ नागरिक



□ सुरेन्द्र भण्डारी

**बिर्तामोड, मंसीर १३।** जाडोमा ज्येष्ठ नागरिक तथा बालबालिकाहरुलाई भाइरल ज्वरो र रुघाखोकीले बढी नै मात्रामा सताउने गर्छ । अझ, अहिले कोरोना भाइरसको बढ्दो संक्रमणका कारण ज्येष्ठ नागरिक तथा बालबालिकाहरुको स्वास्थ्यमा बढी नै ध्यान पुर्‍याउनुपर्ने हुन्छ ।

कतिपय ज्येष्ठ नागरिकहरुले स्वास्थ्य सचेतना अपनाउँदा-अपनाउँदै पनि कोरोना भाइरसको संक्रमणका कारण ज्यान गुमाएका छन् भने कतिपय संक्रमणकै कारण अस्पतालमा उपचाररत् छन् । तर, बिर्तामोडस्थित अनुसन्धान तथा परोपकार केन्द्रमा रहेका ज्येष्ठ नागरिकलाई भने महामारीको यो समयमा समेत सुरक्षितरुपमा राखिएको छ । बिर्तामोड-४ मा २०६७ सालबाट सञ्चालनमा ल्याएको अनुसन्धान केन्द्रमा अहिले १३ जना पुरुषसहित ३३ जना ज्येष्ठ नागरिकहरु आश्रित छन् । उनीहरु मध्ये सबैजसो ६० वर्षभन्दा माथिका छन् । ९७ वर्ष उमेर समूहका समेत नागरिकलाई अनुसन्धान केन्द्रमा राखिएको छ । तर, उनीहरु अहिलेसम्म पूर्णरुपमा स्वस्थ छन् । स्वास्थ्य सचेतना अपनाउन सकेको खण्डमा महामारी र जाडोको यो समयमा पनि ज्येष्ठ नागरिकलाई सुरक्षित राख्न सकिन्छ भन्ने गतिलो उदाहरण दिएको छ -परोपकार तथा अनुसन्धान केन्द्रले ।

'एक-एक थोपाले सागर बन्छ, तपाईको एक एक मुट्ठी अन्नले हाम्रो भान्सा चल्छ' भन्ने मुख्य नारा बनाएर बिर्तामोड निवासी बिक्रम मादेन र गुरुप्रसाद ओझाको अगुवाईमा सञ्चालनमा ल्याइएको वृद्धाश्रम अहिले पनि दाताकै सहयोगमा सञ्चालनमा छ । शुरुका दिनमा दुई जना ज्येष्ठ नागरिकलाई आश्रय दिएर ज्येष्ठ नागरिकको हेरचाह र पालनपोषण गर्दै आएको आश्रम अहिले खचाखच छ । आश्रम सञ्चालनका लागि शुरुवाती दिनमा ओझाले ५० लाख मूल्य पर्ने एक कठ्ठा जमिन र पाँच लाख रुपैयाँ सहयोग गरेका थिए । यता मादेनले आश्रम शुरु गर्दा १५ लाख रुपैयाँ नगद सहयोग गरेका थिए ।

मादेन र ओझाले एकमुष्ट २० लाख रुपैयाँ उपलब्ध गराएर शुरु गरेको आश्रम निर्माणका लागि समितिका अन्य सदस्यले पनि सहयोग गरेका थिए । समितिका पदाधिकारीसहित हरेक दिन मुट्ठीदान सङ्कलन गरेर अहिले ५० लाख रुपैयाँ खर्च गर्दै दुईतले पक्की घरमा निर्माण गरिए पनि आश्रमलाई अझैं भवनको अभाव रहेको आश्रमका संस्थापक अध्यक्ष विक्रम मादेनले बताए ।

'भवन फराकिलो भएको खण्डमा यहाँ रहेका वृद्धवद्धालाई अझ सहज हुने थियो'-मादेनले भने- 'आश्रममा अहिले खानेकुराको समस्या नरहे पनि यहाँ रहनुभएका बुवा-आमा विरामी हुँदा औषधि उपचारमा भने समस्या हुन्छ । कहिले यो अस्पताल त कहिले त्यो अस्पताल डुलाउनुपर्ने हुन्छ । कुनै अस्पतालले जिम्मा लिएर उपचार गरिदिए सहज हुने थियो ।'

'आश्रममा रहेका सबै ज्येष्ठ नागरिकको उपचारका लागि अस्पताल एक्लैले उपचार गर्न सम्भव नभए कोही दाता महानुभावसँग सहकार्य गर्दै ज्येष्ठ नागरिकको उपचारमा तदारुकता देखाइदिए आश्रम सदैव अस्पताल प्रति ऋणि हुने थियो' -मादेनले भने । अहिले आश्रम वृद्धवृद्धाको स्वास्थ्य उपचारका लागि दाताको खोजीमा रहेको मादेनको भनाई छ । 'कोरोना संक्रमण नियन्त्रणका लागि भन्दै सरकारले गरेको लकडाउनका समयमा शुरुका दिनमा आश्रम सञ्चालनमा निक्कै समस्या भएको थियो' -मादेनले भने- 'आश्रमले जोहो गरेको अन्नले शुरुका दिन चलायौं पछि लकडाउन खुलेपछि पुनः दाताको सहयोग पाइरहेका छौं ।'

'कोरोना महामारीको त्रासका बीच मुस्किलले यहाँ रहनुभएका वृद्धवृद्धालाई सुरक्षित राखेका छौं' -आश्रमका कार्यालय सचिव वेणुप्रसाद भट्टराईले भने- 'नियमित पौष्टिक आहार, नियमित व्यायम, बाहिर हिँडडुलमा रोक लगाउँदै बाहिरबाट आएका दातालाई बाहिरै भेट्ने र उनीहरुले ल्याएका सबै सामग्रीलाई सुरक्षित रुपमा ज्येष्ठ नागरिकलाई प्रयोग गर्न दिने गरेका छौं ।'

'बाहिर फेर हिँड्दा अनिवार्य मास्क र सेनिटाइजर प्रयोग गर्न लगायौं' -भट्टराईले भने- 'विशेषतः बाहिरबाट आएका मानिसलाई आश्रममा प्रवेश गर्न नदिई आश्रम बाहिर नै भेटेकाले पनि आश्रममा अहिलेसम्म कुनै समस्या छैन । आश्रममा रहेका ज्येष्ठ नागरिकलाई आश्रमभित्रै मास्कको प्रयोग, सेनिटाइजरको प्रयोग गराएर रोगको विषयमा जानकारी दिँदै समय-समयमा आश्रममा नै चिकित्सक बोलाएर स्वास्थ्य जाँच गराउने गरेका छौं -भट्टराईले भने । स्वास्थ्यमा सामान्य समस्या देखिने बित्तिकै आश्रममा नै चिकित्सक बोलाएर स्वास्थ्य परीक्षण गर्ने गरेका कारण पनि उनीहरु अहिलेसम्म निरोगी छन् भन्नेमा आफूहरु विश्वस्थ रहेको भट्टराईको भनाई छ ।

यता आश्रमका सञ्चालक विशाल शिवाकोटीले ज्येष्ठ नागरिक राख्न भवन अभाव रहेकाले भवन निर्माणको सोच अघि बढाएको बताए । उनले स्वास्थ्य उपकरणको सबै व्यवस्थासहित उनीहरुलाई राख्न सकेको खण्डमा यहाँ रहने वृद्धवृद्धा अझ सुरक्षित रहने बताए । आश्रममा बस्नका लागि अहिले पनि एक सयभन्दा बढी वृद्धवृद्धा आफूहरुको सम्पर्कमा आएको बताउँदै उनीहरुलाई चाहेर पनि राख्न नसकिएको बताए ।

लकडाउनको समयमा समेत आश्रममा बस्न ज्येष्ठ नागरिक आएको र उनीहरुलाई स्वास्थ्य सुरक्षा जाँच गरेर मात्र राखिएको शिवाकोटीको भनाई छ । सामान्य स्वास्थ्य सुरक्षा अपनाएका कारण अहिलेसम्म परोपकार तथा अनुसन्धान केन्द्रमा वसोवास गर्ने सबै नागरिक सुरक्षित रहनुले पनि कोरोना भाइरसबाट बच्न स्वास्थ्य सचेतता अपनाउन जरुरी छ भन्ने शिक्षा पाउन सकिन्छ । अहिले झापामा कोरोना भाइरसको संक्रमणबाट मृत्यु हुनेको संख्या एक सय नाघेको छ ।

**नेपाल एसबीआई बैंकद्वारा परोपकार तथा अनुसन्धान केन्द्रलाई सहयोग**

सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल एसबीआई बैंकले झापाको बिर्तामोड-४ मा सञ्चालित परोपकार तथा अनुसन्धान केन्द्रलाई ग्यास गिजरदेखि फ्रिज र वासिङ मेसिनसम्म सहयोग गरेको छ ।

केन्द्रमा रहेका वृद्धवृद्धाको स्वास्थ्यलाई मध्यनजर गर्दै बैंकले जाडोबाट बच्न भट्टी चुह्लो, थर्मस समेत सहयोग गरेको छ । बैंकका प्रमुख कार्यकारी निर्देशक दीपककुमार डेको प्रमुख आतिथ्यमा परोपकार तथा अनुसन्धान केन्द्र पुगेर वृद्धवृद्धाका लागि स्वास्थ्य उपकरणसहित एक/एक थान फ्रिज र वासिङमेसिन, तीन थान ग्यास गिजर, एक थान ग्यास चुल्हो, एक थान भट्टी चुल्हो र ४० थान थर्मश प्रदान गरेको बैंकका बिर्तामोड शाखा प्रबन्धक मनोज चापागाईले बताए ।

बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत देशभर नै सामाजिक कार्य गर्दै आएको र बिर्तामोडमा रहेको आश्रमका ज्येष्ठ नागरिकका लागि सहयोग गर्न पाउँदा खुशी लागेको बैंकका प्रमुख व्यापार प्रवर्द्धन अधिकृत छविराज पन्तले बताए । बैंकले प्रदान गरेको सामग्री परोपकार तथा अनुसन्धान केन्द्रका अध्यक्ष विक्रम मादेनसहितका पदाधिकारीले ग्रहण गरेका थिए । बैंकले केन्द्रमा रहेका ज्येष्ठ नागरिकको स्वास्थ्य सुरक्षालाई मध्यनगर गर्दै मास्क सेनिटाइज समेत प्रदान गरेको नेपाल एसबीआई बैंक बिर्तामोड शाखाका कर्जा अधिकृत विवेक दाहालले बताए ।

सहयोग सामग्री हस्तान्तरण गर्दै बैंकका प्रमुख कार्यकारी निर्देशक डेले नेपाल एसबीआई बैंकले नेपालमा मात्र होइन विश्वभरि नै यसखाले सामाजिक उत्तरदायित्वका काम गर्दै आएको बताए । विश्वका जुनसुकै मुलुकमा पुगेर बैंकले काम गर्दै आएपनि बैंकले परोपकारको काम समेत सँगसँगै गर्दै आएको डेको भनाई छ । भारतमा समेत मानव सेवाका क्षेत्रमा बैंकले काम गर्दै आएको डेले बताए ।




# खनाल र नेम्वाङका योजना बाँडफाँड

**इलाम, मंसीर १३।** पूर्वप्रधानमन्त्री एवं इलाम निर्वाचन क्षेत्र नं. १का प्रतिनिधिसभा सदस्य झलनाथ खनाल र संविधानसभाका अध्यक्ष एवं निर्वाचन क्षेत्र नं. २का प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्वाङले संसद् विकास कोषको रकम बाँडफाँड गरेका छन् ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको रु. आठ करोडका कार्यक्रम जिल्लाका १० स्थानीय तहका ५२ योजनामा विनियोजन गरेका हुन् । खनालको निर्वाचन क्षेत्रमा रहेका नगर र गाउँपालिकामा रु. चार करोड वडा संख्याका आधारमा वितरण गरिएको छ ।

खनालले सबैभन्दा धेरै रकम सूर्योदय नगरपालिकालाई रु. एक करोड ३५ लाख, इलाम नगरपालिकालाई रु. १० लाख, माई नगरपालिकालाई रु. ६८ लाख, रोङ गाउँपालिकालाई रु. ६० लाख, सन्दकपुर गाउँपालिकालाई रु. ६७ लाख र माईजोगमाई गाउँपालिकालाई रु. ६० लाख विनियोजन गरेका छन् ।

निर्वाचन क्षेत्र नं. १मा ३९ वडा रहेका छन् । वडा संख्याका आधारमा प्रत्येक स्थानीय तहलाई रकम विनियोजन गरिएको जिल्ला समन्वय समितिले जनाएको छ ।

नेम्वाङको निर्वाचन क्षेत्रका इलाम नगरपालिकालाई रु. एक करोड, देउमाई नगरपालिकालाई रु. ९० लाख ५६ हजार, माई नगरपालिकालाई रु. २८ लाख ५० हजार, माङसेबुङ गाउँपालिकालाई रु. ५७ लाख १४ हजार, चुलाचुली गाउँपालिकालाई रु. ५७ लाख १४ हजार र फाकफोकथुम गाउँपालिकालाई रु. ६६ लाख ६६ हजार विनियोजन गरिएको छ ।

निर्वाचन क्षेत्र नं. २मा ४२ वडा रहेका छन् । वडा संख्याका आधारमा प्रत्येक स्थानीय तहमा स्थानीय तहका प्रमुखको उपस्थितिमा बजेट विनियोजन गरिएको बताइएको छ ।

## प्रेस विज्ञप्ति

मिति २०७७ साल मंसीर १२ गते बुधवारको अंकमा प्रकाशित बैदेशिक रोजगारीका नाममा ठगी गर्दा कैद र जरिवाना भन्ने शीर्षकमा प्रकाशित समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।

प्रहरीको नागरिक जीउ धनको रक्षा गर्ने र समाजमा अपराधिक गतिविधि निस्तेज पार्न शंकास्पद व्यक्तिलाई अनुसन्धानका लागि नियन्त्रणमा लिई सोधपुछ गर्ने अधिकार जगजाहेर छ । तर, हुँदै नभएको मुद्दामा निर्दोष व्यक्तिलाई पक्राउ गरी सञ्चारमाध्यममा सूचना पठाएर चरित्र हत्या गरेको घटनाप्रति मेरो खेद छ । चरित्रमाथि नै आँच आउने गरी तस्वीरसहित सम्प्रेषण गरिएको सूचनाले मेरो सामाजिक जीवनमा ठूलो असर परेको हुँदा जिल्ला प्रहरी कार्यालय झापालाई आफूबाट भएको त्रुटी सच्याउन माग गर्दछु । प्रहरीले खोजेको व्यक्ति म नभएको ठहर भई म तत्काल रिहा भएको अवस्थामा समाचार आउनु आश्चर्य छ । तसर्थ मलाई न्याय नदिए कार्वाहीमा जाने व्यहोरा अवगत गराउँदछु ।

विभिन्न सञ्चारमाध्यममा आए जस्तो व्यक्ति म नरहेको समेत यसै विज्ञप्ति मार्फत सर्वसाधारण सबैमा जानकारी गराउँदछ ।

**कुमार पुरी**
अर्जुनधारा-५, झापा

## घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ ।

मो. ९८४१३२८७९८, ९८१८९४०३१३, ९८४२७५६१००

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो. ९८१५९५२४९९/९८४१३२१४६४

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## क्यान्टिन बिक्रीमा

बिर्तामोडस्थित अञ्जली हस्पिटल परिसरभित्र अति चालू अवस्थामा रहेको क्यान्टिन बिक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८०७९१३०५५

## बिक्रीमा

बिर्तामोडमा चालू अवस्थामा रहेको रेष्टुरेन्ट तु-बिक्रीमा छ ।

सम्पर्कः ९८४०९९५४०४, ९८४४६४५५७५

## तु-घर भाडामा चाहियो

यस बिर्तामोड आसपासमा कम्पाउण्ड बालसहितको ८ देखि १० वटा कोठा भएको घर भाडामा तु-चाहियो ।

सम्पर्कः ९८६९७२९१०६

## पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोडबाट पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**रबिन आयुर्वेदिक फार्मेसी**
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## नियमित कुखुरा बिक्रीमा

हामी आफैले उत्पादन गरेको कुखुरा हरेक हप्ता ५०० वटा ब्रोइलर र १०० वटा लोकल नियमित रुपमा लिन चाहनेले सम्पर्क गर्नुहोला ।

**गान्धारी एग्रोफर्म**
अर्जुनधारा-४, झापा
९८१७४०३३५४, ९८१५०८०३९१, ९८४१२९८५८३

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर




## जाँड रक्सी सजिलोसँग छुटाइन्छ यौवन उपचार

तपाईंमा भएको यौवन कमजोरी, पिनास, दम, खोकी, यूरिक एसिड **पायल्स फिस्टुला फिसर,** ग्याष्ट्रिक, अल्सर, महिलाको महिनावारी गडबढी पाठेघरको समस्याहरु सेतोपानी बग्ने, पथरिया, पिनास सबै उपचार हुन्छ ।

*(जाडरक्सी १०० प्रतिशत छुटाइन्छ ।)*

***दैनिक अनुभव वैध, कविराजबाट जाँच साथै प्रत्येक शनिबार डाक्टरबाट जाँच हुनेछ ।***

**फाल्गुनन्द आयूर्वेद फार्मेसी सेवा**
शनिश्चरेरोड, ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
(फोनः ९८४२६४३६१८/९८०७९९४८८०)



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
परिस्थिति सोचे जस्तो अनुकूल नहुन सक्छ । नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बुद्धिको उपयोगले जटिल काम समेत सम्पादन हुनेछ । इर्ष्या गर्नेहरूलाई मेहनतको जवाफ दिन सफल भइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
टाढिएका आफन्तजन नजिकिनेछन् । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । आवेशमा काम गर्दा विवादमा परिने सम्भावना छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
अवसर प्राप्त भए पनि बेलामा होस नपुर्‍याउँदा समस्या झेल्नुपर्ला । रचनात्मक काममा जुट्ने समय छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
सहयोगीहरूले हात झिक्नुका साथै परिस्थितिले सोचेभन्दा फरक मोड लिन सक्छ । अग्रजहरूको सहमति नजुट्नाले काममा बाधा पुग्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
योजना प्रारम्भ गर्न केही समय पर्खनुपर्ने देखिन्छ । हिसाबकिताबमा होसियार रहनुहोला । सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । बचन पुर्‍याउन नसक्दा आलोचित बन्नुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ । शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
परिस्थिति सबल नदेखिए पनि मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ । केही कठोर निर्णय लिनुपरे पनि चिताएको काम सम्पादन हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
रमाइलो जमघटकाबीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । बिछोडिएका परिवारजनसँग रमाइलो भेटघाट हुनेछ ।